# नमुना रोजगार सम्झौता

........................................................................................ (यसपछि **प्रतिष्ठान** भनिएको) जिल्ला ................ ...................... गाउँपालिका/नगरपालिका वडा नं. .... बस्ने ........................ को नाती/बुहारी .................... को छोरा/छोरी/पत्नी वर्ष ........ को/की श्री ....................... (यसपछि **श्रमिक** भनिएको) को वीच मिति २०७५।.....।..... मा दुवै पक्षले एक अर्कोलाई देहायका शर्तको अधिनमा रही सेवा सुविधा उपलब्ध गर्न गराउन मन्जुर भई यो रोजगार सम्झौता गरी एक आपसमा एक एक प्रति लियौं दियौं ।

१. प्रतिष्ठानले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधारमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

२. श्रमिकले प्रतिष्ठानान ....................पदले गर्ने भनी प्रतिष्ठानको विनियमावलीमा तोकिएबमोजिमका कार्य इमान्दारीपूर्वक सम्पादन गर्नु पर्नेछ । दुवै पक्षले उचित श्रम अभ्यासको पालना गर्नु पर्नेछ ।

३. प्रतिष्ठानले श्रमिकलाई प्रतिदिन ८ घण्टा सेवा उपलब्ध गराए वापत मासिक आधारभुत पारिश्रमिक रु. ८४५५।- र महङ्गी भत्ता रु. ४९९५।- गरी जम्मा रु. १३४५०।- प्रतिमहिना उपलब्ध गराउने छ ।

४. आधारभुत पारिश्रमिकबाट संचय कोष, उपदान र वीमा वापतको रकम प्रतिष्ठानले श्रमिकबाट नेपाल सरकारको नियमानुसार कट्टी गरी जम्मा गर्नेछ । प्रतिष्ठानले नेपाल सरकारको प्रचलित कानुन बमोजिम गयल भएको दिनको पारिश्रमिक, पेश्की लगायतका रकम श्रमिकबाट कट्टी गर्न पाउनेछ ।

५. एक वर्ष सेवा अवधि पुरा भएपछि श्रमिकले प्रतिष्ठानबाट मासिक रुपमा पाउने आधारभुत पारिश्रमिकको कम्तीमा आधा दिनको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष वार्षिक तलव वृद्धि पाउनेछ ।

६. श्रमिकले खाइपाइ आएको पारिश्रमिक प्रतिष्ठानले घटाउने छैन ।

७. श्रमिकलाई पारिश्रमिक लगायतका आर्थिक सुविधा प्रतिष्ठानले बैंक खातामार्फत भुक्तानी गर्नेछ ।

८. श्रमिकले प्रतिदिन काम गर्नुपर्ने समय प्रतिष्ठानले निर्धारण गर्नेछ ।

९. प्रतिष्ठानले श्रमिकलाई प्रतिदिन ४ घण्टासम्म अतिरिक्त समय काममा लगाउन सक्नेछ । अतिरिक्त समय काम गरे वापत नियमित रुपमा सो समयावधि काम गर्दा पाउने आधारभुत पारिश्रमिकको डेढी पारिश्रमिक प्रतिष्ठानले श्रमिकलाई भुक्तानी गर्नेछ ।

१०. श्रमिकलाई अघिल्लो महिनाको पारिश्रमिक लगायतका सुविधा पछिल्लो महिनाको १५ गते अगावै प्रतिष्ठानले भुक्तानी गर्नेछ ।

११. श्रमिकले खाईपाई आएको एक महिनाको आधारभुत पारिश्रमिक बराबरको रकम चाडपर्व खर्चको रुपमा प्रत्येक वर्षको आश्विन महिनामा प्रतिष्ठानबाट भुक्तानी पाउनेछ । (चाडपर्व खर्च प्राप्त गर्ने दिनसम्ममा एक वर्ष सेवा अवधी पुरा नगरेको श्रमिकले सेवा अवधिको

Scanned by CamScanner

अनुपातमा चाडपर्व खर्च पाउनेछ ।) श्रमिकको भुक्तानी योग्य घर विदा तथा विरामी विदाको रकम समेत प्रतिष्ठानले चाडपर्व खर्चसँगै भुक्तानी गर्नेछ । (विदा प्रयोजनको लागि वर्षको गणना गर्दा प्रतिष्ठानले अन्यथा तोकेकोमा बाहेक नेपाल सरकारको आर्थिक वर्ष बमोजिम निर्धारण हुनेछ ।)

१२. श्रमिकले प्रत्येक हप्ता एक दिन साप्ताहिक विदा पाउनेछ । श्रमिकले प्रतिष्ठानको काममा बाधा नपर्ने गरी नेपाल सरकारको प्रचलित कानुनमा तोकिए बमोजिमका विदाहरु नियमानुसार/प्रतिष्ठानबाट स्वीकृत गराई प्राप्त गर्नेछ ।

१३. श्रमिकले आधा बीमा शुल्क व्यहोर्ने गरी वार्षिक एक लाख बराबरको औषधि उपचार बीमा प्रतिष्ठानले श्रमिकलाई उपलब्ध गराउनेछ । जुनसुकै प्रकारको दुर्घटनालाई समेट्ने गरी सात लाख बराबरको दुर्घटना बीमा प्रतिष्ठानले आफ्नो खर्चमा श्रमिकलाई उपलब्ध गराउनेछ ।

१४. प्रतिष्ठानले कार्यस्थलमा श्रमिक तथा अन्य व्यक्तिको सुरक्षा र स्वास्थ्य सम्बन्धी तयार गरेको नीतिलाई श्रमिकले अनिवार्य पालना गर्नु गराउनु पर्नेछ ।

१५. प्रतिष्ठानले प्रचलित कानुनको अधीनमा रही श्रमिकलाई एउटा शाखा वा इकाईबाट अर्को शाखा वा इकाईमा सरुवा गर्न सक्नेछ ।

१६. श्रमिकले खराब आचरण गरेमा प्रतिष्ठानले प्रचलित कानुन बमोजिम नसिहत दिन, पारिश्रमिक कट्टा गर्न, वार्षिक तलव वृद्धि रोक्का गर्न वा सेवाबाट हटाउन सक्नेछ ।

१७. उचीत र पर्याप्त कारण खुलाई कानुन बमोजिम प्रतिष्ठानले श्रमिकको रोजगारी अन्त्य गर्न सक्नेछ ।

१८. कार्यक्षमता सन्तोषजनक नभएमा वा न्यूनस्तरको पाइएमा प्रतिष्ठानले नियमानुसार श्रमिकको रोजगारी अन्त्य गर्न सक्नेछ ।

१९. कुनै पक्षले यो सम्झौता रद्द गर्न चाहेमा कम्तीमा तीस दिन अगावै अर्को पक्षलाई सूचना दिनु पर्नेछ । सूचना नदिई रोजगारी सम्बन्ध अन्त्य गर्ने पक्षले तीस दिनको पारिश्रमिक अर्को पक्षलाई दिनु पर्नेछ ।

२०. श्रमिक संख्या बढी भएमा वा अन्य कुनै कारणले प्रतिष्ठान आंशिक वा पूर्णरुपमा बन्द गर्नु पर्ने भएमा प्रतिष्ठानले यो सम्झौता रद्द गरी श्रमिकसँगको रोजगार सम्बन्ध नियमानुसार अन्त्य गर्न सक्नेछ ।

२१. दुवै पक्षले नेपाल सरकारको प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा अन्य कुराको हकमा प्रतिष्ठानले आन्तरिक व्यवस्थापनको लागि तयार गरेको विनियमावली बमोजिम गर्नु गराउनु पर्नेछ ।

<u>प्रतिष्ठानको तर्फबाट</u>

नाम, थर :

पद :

दस्तखत :

प्रतिष्ठानको छाप

<u>श्रमिकको तर्फबाट</u>

नाम, थर :

पद :

दस्तखत :

Scanned by CamScanner